# तिलागुफा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

## गाल्जे, कालीकोट

आर्थिक वर्ष २०८२।०८३ को

वार्षिक, बजेट, नीति तथा कार्यक्रम

**नगर सभाबाट स्वीकृत**

मितिः २०८२ आषाढ १०

## तिलागुफा नगरपालिका १७ औं नगर सभाका सभाध्यक्ष ज्यू,

प्रमुख अतिथि ज्यू,
विशेष अतिथि ज्यूहरु,
राजनीतिक दलका प्रमख एवं प्रतिनिधिज्यूहरु,
नि वर्तमान जनप्रतिनिधिज्यूहरु,
भूपू जनप्रतिनिधिज्यूहरु,
श्री वडा अध्यक्षज्यूहरु,
श्री कार्यपालिका सदस्यज्यूहरु,
श्री नगर सभा सदस्यज्यूहरु,
श्री विद्यालय व्यवस्थापन समितिका अध्यक्षज्यूहरु,
श्री सामुदायिक विद्यालयका प्र.अज्यूहरु,
श्री गैर सरकारी संस्थाका प्रमुख एवं प्रतिनिधिज्यूहरु,
श्री  नागरिक समाजका प्रमुख एवं प्रतिनिधिज्यूहरु,
श्री नगर बाल सञ्जाल,ज्येष्ठ नागरिक,महिला, अपाङ्ग,दलित,द्वन्दपिडित,एकल महिला सञ्जालका प्रमुख एवं प्रतिनिधि ज्यू,
श्री बजार व्यवस्थापन समितिका प्रतिनिधि ज्यूहरु,
श्री प्रहरी चौकी प्रमुखज्यू हरु
श्री पत्रकार बन्धुहरु,

तिलागुफा नगरपालिकाको आगामी आ.व २०८२।०८३ को बार्षिक बजेट,नीति तथा कार्यक्रम पेश गर्ने यो गरिमामय १७ औं नगर सभामा म सर्वप्रथम संघीय लोकतान्त्रीक गणतन्त्र नेपाल स्थापना लगायत नेपालको राजनैतिक परिवर्तनका लागि भएको ०६२।०६३ को जनआन्दोलन तथा १० वर्षिय सशस्त्र युद्ध लगायत विभिन्न कालखण्डमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्ली अर्पण गर्न चाहन्छु। यस नगरपालिकाको विकास र शासकीय सुधार गर्नको लागि आवश्यक नीति तथा कार्यक्रम तर्जुमा गर्न उपलब्ध यो महत्वपूर्ण घडिमा हुन गईरहेको १७ औं नगर सभाको उद्घाटन सत्रमा आफ्नो महत्वपूर्ण समयलाई व्यतित गरि सहभागी हुनु भएका सम्पूर्ण नगर सभा सदस्यज्यूहरु, विकास साझेदारी संस्थाका प्रमुख एवं प्रतिनिधिज्यूहरु, कर्मचारी मित्रहरु,सुरक्षाकर्मी मित्रहरु,पत्रकार बन्धुहरु र उपस्थित सम्पूर्ण सहभागीज्यूहरु प्रति हार्दिक अभार व्यक्त गर्न चाहन्छु । नेपालको संविधानले नेपाली जनताको सार्वभौमितकतालाई संवैधानिक ,कानूनी र व्यवहारिक रुपमा स्थापित गरिसकेको परिप्रेक्ष्यमा संविधान प्रदत्त हक अधिकारलाई कार्यान्वयन गर्न राज्यका तीनै तहका सरकारहरुबाट प्रदान गरिने सेवा सुविधाहरुलाई नगरबासी समक्ष पुऱ्याउन हाम्रो प्रमुख दायित्व हो र तथ्य, तर्क र कानूनका आधारमा नगरबासीका जायज माग तथा आवश्यकताहरुको सम्बोधन गर्ने परिपाटीलाई निरन्तरता दिनुको साथै लोकप्रियताका लागि मात्र नभई जनताका माग र आवश्यकताका आधारमा योजना तथा कार्यक्रमहरु कार्यन्वयन गर्न गराउन सकेमा मात्र नगरपालिका र जनप्रतिनिधिहरुको गरिमा उच्च हुने कुरामा कुनै दुई मत हुन सक्दैन भन्ने हाम्रो विश्वास छ ।

बर्तमान युग सूचना प्रविधिको युग हो । सूचना प्रविधिको यथेष्ट उपयोगबाट आज विश्वका कैयौं मुलुकका साथै हाम्रो देशका स्थानीय तहहरुले उल्लेखनीय प्रगति हाँसिल गरिसकेका छन् । यस परिप्रेक्ष्यमा अबको हाम्रो विकास सूचना र तथ्यांकको विश्लेषण गरी कार्यमूलक अनुसन्धानमा आधारित हुनुपर्दछ । यसका लागि नगरपालिकाको भूगोल जनसंख्या,प्राकृतिक श्रोत साधन,संस्कृति, क्षमता र सम्भावनाहरुलाई तथ्यगत विवरण तयार गरी चुस्तदुरुस्त राख्ने तर्फ हाम्रो ध्यान जानु पर्दछ । यसका लागि विकास र सेवा प्रवाहलाई सहजीकरण गर्ने गरी अपूर्ण नीति र कानूनलाई पूर्णता दिने तथा आवश्यकता अनुसार नयाँ कानूनको निर्माण र निर्माण भईसकेका कानूनहरुको आवश्यकता अनुसार संशोधनलाई प्राथमिकता दिनु पर्ने देखिन्छ भने यस नगरपालिकाले सिमित स्रोत साधनको बावजुत आम नागरिकका तमाम माग र आवश्यकताहरुको दिगो व्यवस्थापन गरी संघ तथा प्रदेश सरकारका नीति तथा कार्यक्रमहरुको परिपूरक भई पालिकाको नीति तथा कार्यक्रमहरु तर्जुमा गरी लागु गर्नुपर्ने कानूनी बाध्यता रहेको छ ।यसै सन्दर्भमा अर्को तर्फ नगरपालिकाले सङ्घ तथा प्रदेश सरकारबाट वित्तिय हस्तान्तरण कार्यक्रम मार्फत हस्तानान्तरण भई आएका सशर्त अनुदान तर्फको



शंकर प्रसाद उपाध्याय
(नगर प्रमुख)

योजना तथा कार्यक्रमको लागि प्रचलित कानून बमोजिम लागत साझेदारी गरी उक्त आयोजनाहरुको कार्यान्वयन गर्दा अधिकांश बजेट परिमाण समपूरक कोष मा नै खर्च हुने अवस्था देखिन्छ जसले गर्दा वडा बस्ती तथा टोल स्तरबाट प्राथमिकिकरण भई आएका नीति तथा कार्यक्रमहरुलाई सहज ढंगले सम्बोधन गर्न हाम्रो सामर्थ्य रहदैन तथापि उपलब्ध स्रोत साधनहरुको सन्तुलित तथा न्यायोचित वितरण एवं प्रभावकारी परिचालन गर्नु गराउनु यस स्थानीय सरकारको प्रमुख दायित्व रहेको छ ।

**सभाध्यक्ष ज्यू,**

अब म यस तिलागुफा नगरपालिकाले चालु आर्थिक वर्ष २०८१।०८२ सम्पादन गरेका क्रियाकलापहरुको संक्षिप्तमा प्रगति प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

चालु आर्थिक वर्ष २०८१।०८२ को लागि संघीय सरकार तथा प्रदेश सरकारबाट प्राप्त तथा आन्तरिक आय थप समेत गरी ६१ करोड ३५ लाख २० हजार ७ सय ४२ रुपैया स्वीकृत भएकोमा २०८२।०३।०७ गते सम्म विनियोजित रकमको चालु तर्फ ६७.२९ र पूँजीगत तर्फ २४.९१ प्रतिशत तथा औषत ५६.८७ प्रतिशत खर्च भएको । विषयगत क्षेत्रानुसार आर्थिक विकास क्षेत्र तर्फ १ करोड ६२ लाख ५७ हजार ६ सय विनियोजन भएकोमा ४५ लाख २० हजार ६ सय ११ रुपैया अर्थात २७.८१ प्रतिशत, सामाजिक विकास क्षेत्र तर्फ ३५ करोड ३१ लाख ८६ हजार ५ सय विनियोजन भएकोमा २३ करोड ४९ लाख ३० हजार २७ रुपैया अर्थात ६६.५२ प्रतिशत,पूर्वाधार विकास क्षेत्र तर्फ कूल १० करोड ३८ लाख ७८ हजार ३ सय चौरासी रुपैमा मध्ये १ करोड ५५ लाख १९ हजार २ सय ९९ रुपैया ५० पैशा अर्थात १४.९४ प्रतिशत,सुशासन तथा संस्थागत क्षेत्र तर्फ १ करोड ४० लाख ६३ हजार मध्ये ३५ लाख ४ हजार ३सय पचास रुपैया अर्थात २४.९२ प्रतिशत र कार्यालय सञ्चालन तथा प्रशासनिक तर्फ १२ करोड ६१ लाख ३५ हजार २ सय ५८ रुपैया मध्ये ९ करोड ४ लाख २८ हजार ९ सय ४२ रुपैया २१ पैशा अर्थात ७१ प्रतिशत खर्च हुन गएको छ ।

**सभाध्यक्ष ज्यू,**

अब म नगरपालिका बाट प्रवाह हुने सेवा प्रवाह क्रममा देखिएका चुनौतीहरुको सम्बन्धमा संक्षिप्तमा प्रस्तुतिकरण गर्ने अनुमति चाहान्छु ।

१. भौगोलिक विकटता ,
२. सिमित श्रोत साधनका बापजुद असिमित आवश्यकताहरु सम्बोधन गर्नु पर्ने.
३. न्यून आन्तरिक आम्दानी तथा प्रतिवद्धता अनुसारको बजेट प्राप्त नहुनु
४. विकास प्रति नागरिकको न्यून बुझाई र जनसहभागीताको कमी
५. विभिन्न तह र क्षेत्रको बजेट विच तादम्यता कायम नहुनु ,
६. समुदाय स्तरबाट हस्तान्तरित आयोजनारुको नियमित मर्मत सम्भार नहुनु ।

उल्लेखित चुनौतीहरुको सामना गर्दै नगरपालिकालाई गतिशिल,विकासिल र आत्मनिर्भर बनाउन आगामी आर्थिक वर्ष २०८२।०८३ को बार्षिक बजेट,नीति तथा कार्यक्रमले लिएका तपसिलका सोच,उद्देश्य तथा प्राथमिकताहरु प्रस्तुत गर्न अनुमति चाहान्छु ।

**बजेटको सोच :**

जल,जंगल,खानी उद्योग, पर्यटन, शिक्षा, कृषिमा आधुनिकिरण गर्दै पूर्वाधारको विकास र रोजगारका अवसरहरुको क्षेत्रगत पहिचान गरी स्थानीय उत्पादन र सोको बजारीकरण प्रणाली मार्फत नगरवासीहरुको आर्थिक सशक्तिकरणको माध्यमबाट गुणस्तरीय जिवनयापनमा अपेक्षित प्रतिफल ल्याउने सोच लिइएको छ ।



शंकर प्रसाद उपाध्याय
(नगर प्रमुख)

**बजेटका उद्धेश्यहरु**

१. रोजगारी तथा आर्थिक वृद्धिका लागि स्वरोजार मूलक कार्यक्रम मार्फत आत्मनिर्भर बनाउने .
२. स्थानीय स्रोत र सीपको महत्तम सदुपयोग गरी दिगो तथा फराकिलो आर्थिक वृद्धि हाँसिल गर्दे गरीबि न्यूनीकरणमा योग्दान पुर्याउने ,
३. आत्म निर्भर समाजको निर्माण गर्ने .
४. ज्येष्ठ नागरिक, महिला,दलित फरक क्षमता भएका व्यक्ति पिछडिएको वर्ग तथा समुदायको समानुपातिक विकासमा जोड दिइ उपलब्ध श्रोत साधनहरुलाई न्यायोचित वितरण गर्दे समावेशी र दिगो विकासको अवधारणा आत्मसाथ गर्ने .
५. पर्यटकीय गन्तव्यको पहिचान तथा विकास गरी पर्यटन पर्वद्धनमा जोड दिने .
६. विकास सहयात्रीहरु सँगको निरन्तर सहकार्य मार्फत रोजगारीका अवसरहरु सिर्जना गर्ने ।
७. आर्थिक भौतिक, सामाजिक र बातावरणीय क्षेत्रमा दीगो पूर्वाधार विकास मार्फत समुन्नत र सुदृढ नगर बनाई राष्ट्रको विकासमा टेवा पुयाउने .
८. रोजगारी श्रृजना तथा उत्पादन र उत्पादकत्व वृद्धि गर्ने .
९. प्रभावकारी सेवा मार्फत सुशासन र मितव्ययितामा आधारित नगरपालिका निर्माण गर्ने
१०. विपद् जोखिम न्यूनीकरण सम्बन्धी आवश्यक पूर्वाधार तयार गर्ने ।
११. रैथाने वालीहरुको संरक्षण प्रवर्द्धन र बजारीकरण गर्दे कृषिमा आत्मनिर्भर नगरपालिका घोषणाको अभियान साकार पार्ने ।
१२. स्थानीय कृषकहरुको मौसमी तथा बेमौसमी कृषि उपजहरुको सहज बजार पहूँच सुनिश्चितता गर्न ११ वटै वडाहरुलाई स्थानीय कृषि सडक सञ्जालमा जोड्ने ।

**बजेटका प्राथमिकताहरु :**

१. बजारको माग र आवश्यकताको आधारमा उत्पादनशिलता,उद्यमशिलता र आर्थिक समुन्तिको लागि दिगो रोजगारी तथा उद्यमशीलताको प्रवर्द्धन ,
२. आर्थिक विकास तथा गरिबी न्यूनीकरणमा टेवा पुर्याउने ,
३. उत्पादनमूलक र छिटो प्रतिफल दिने,
४. राजश्व परिचालन र आन्तरिक आयमा उल्लेखिय योग्दान पुर्याउने ,
५. सेवाप्रवाह, संस्थागत क्षमता अभिवृद्धि, सुशासनमा योगदान पुग्ने ,
६. स्थानीय स्रोत साधनमा आधारित भई जनसहभागिताको अभिवृद्धि गर्ने
७. लैङ्गिक सममानता ,सामाजिक समावेशीकरणको अभिवृद्धि गर्ने ,
८. दिगो विकास, वातावरण संरक्षण र विपद् व्यवस्थापनमा योगदान पुर्याउने ,
९. स्थान विशेषको संस्कृति र पहिचान प्रर्वद्धन गर्ने योजना तथा कार्यक्रमहरु ,
१०. लक्षितवर्गका जिविकोपार्जनमा सघाउ पुऱ्याउने योजना ,
११. आत्मनिर्भर समुदाय अभियानमा टेवा पुग्ने ,
१२. स्वरोजगारका क्षेत्र पहिचान तथा श्रम बजार अनूकूल सिप विकास गरी वैदेशिक श्रममा न्यूनीकरण गर्ने ।

शंकर प्रसाद उपाध्याय
(नगर प्रमुख)

**सभाध्यक्ष ज्यू**

अब म आगामी आ.व. २०८२।०८३ को बार्षिक बजेट,नीति तथा कार्यक्रम निर्माण गर्दा नगरपालिकाले लिएका कानूनी आधार तथा नगरपालिकाका विकासका सम्भावनाहरु प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

**बजेट निर्माणका कानूनी आधारहरु :**

१. नेपालको संविधान २०७२ (राज्यका निर्देशक सिद्धान्त नीति तथा दायित्व) ,
२. स्थानीय सरकार सञ्चालन ऐन,२०७४ ,
३. अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन,२०७४ ,
४. संघ, प्रदेश र स्थानीय तह ( समन्वय तथा अन्तर सम्बन्ध) ऐन २०७७ ,
५. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ ,
६. नेपाल सरकार र प्रदेश सरकारको आगामी आ.व २०८२।०८३ को नीति तथा कार्यक्रम र बजेट,
७. स्थानीय तहको बजेट तर्जुमा दिग्दर्शन,२०७४ ,
८. नगरपालिकाको ऐन,नियम, निर्देशिका, कार्यविधि र मापदण्ड ,
९. नेपाल सरकारको १६ औं पञ्चवर्षिय योजना २०८१-२०८२ देखि २०८५-०८६सम्म,
१०. दिगो विकास लक्ष्य २०१६ देखि २०३० सम्म,
११. राष्ट्रिय जनगणना,२०७८ को प्रतिवेदनहरु ,
१२. नगरपालिकाको पञ्चबर्षिय आवधिक योजना २०८१।०८२देखि २०८५।०८६ ,
१३. तिलागुफा नगरपालिकाका सबै विषयगत समितिबाट प्राप्त सुझावहरु तथा निर्णयहरु ,
१४. नगर कार्यपालिका तथा नगर सभाका निर्णयहरु ,
१५. सर्वदलीय सर्वपक्षीय समीक्षात्मक बैठकबाट प्राप्त राय सुझाव तथा पृष्ठपोषण ,
१६. कर्णाली प्रदेश सरकारको दोस्रो पञ्चवर्षिय आवधिक योजना ।

**समग्र विकासका सम्भावनाहरु :**

१. पशुपंक्षी तथा मौरीपालन व्यवसायबाट अर्थोपार्जन गर्न सकिने ।
२. बेमौसमी खेती ,अर्गानीक अन्न बाली तथा फलफूल खेतीका माध्यमबाट आय आर्जनमा वृद्धि गर्न सकिने ।
३. नगरपालिका क्षेत्रमा विद्यमान श्रोतहरु जल-जंगल, जडिबुटी, नदिजन्य पदार्थ तथा खनिज जस्ता श्रोतहरुलाई विकास कार्यमा उपयोग गर्न सकिने ।
४. नगरपालिका भित्रका स्वास्थ्य सेवा केन्द्रहरुबाट स्वास्थ्य सेवा प्रवाह गर्नुका साथै विशेषज्ञ सेवा प्रदान गर्ने अस्पतालहरुसँग साझेदारी गरी घुम्ती सेवा मार्फत स्वास्थ्य सेवालाई नागरिकको घर-घरसम्म पुऱ्याउन सकिने ।
५. नगरपालिकालाई पूर्ण खोप सुनिश्चतता तथा दिगोपनायुक्त पालिकाको रुपमा घोषणा भएको ।
६. न्यायिक समिति तर मेलमिलाप केन्द्रबाट समाजमा सामाजिक द्वन्द व्यवस्थापन भएको ।
७. शिक्षा क्षेत्रमा नगरपालिकाको विषेश ध्यान केन्द्रित भएको ।
८. लैङ्गिक समानता तथा सामाजिक समावशीकरणबाट जनताहरु बढी उत्साहित भएको ।
९. आवधिक योजना, भू- उपयोग योजना र सडक तथा यातायात गुरुयोजना निर्माण भई कार्यान्वयनमा रहेको ।
१०. स्थानीय विपद् व्यवस्थापन समितिको गठन र विपद् व्यवस्थापनका लागि यथोचित रकम विनियोजन र प्रयोग भएको ।
११. नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन अनुसार नगरपालिकालाई प्राप्त अधिकार एवम् दायित्वलाई व्यवस्थित गर्ने सन्दर्भमा आवश्यक कानूनहरु तर्जुमा गरी कार्यान्वयनमा आएको ।



शंकर प्रसाद उपाध्याय
(नगर प्रमुख)

१२. विधुतीय शासन पद्धति अन्तर्गत सूचना र प्रविधिको प्रयोग हुँदै आएको।

१३. विकास निर्माणमा जनसहभागितालाई प्राथमिकतामा दिईएको ।

१४. प्राकृतिक श्रोत साधनहरु पर्याप्त रहको ।

**सभाध्यक्ष ज्यू,**

अब म बजेटका क्षेत्रगत नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्दछु ।

## आर्थिक विकास

१. तिलागुफा नगरपालिकाको कृषि पार्श्वचित्र तयार गरी लागु गरिनेछ ।सोको लागि आवश्यक बजेट विनियोजन गरेकोछु ।

२. कृषि उत्पादनमा वृद्धि गरी उत्पादित वस्तुहरुको बजारीकरण गर्न विकास साझेदार संस्था र यस नगरपालिका विच द्धिवपक्षीय सम्झौता गरी कार्यान्वयन गरिने छ ।

३. खाद्यान्न बालीको गुणस्तरिय विउमा नगरलाई आत्मनिर्भर बनाउन कृषकहरुलाई आवश्यक तालिम र प्रशोधन सामाग्रीहरु वितरण आवश्यक बजेट विनियोजन गरेको छु ।

४. कृषि खेतीलाई व्यवसायिक बनाउनको लागि पकेट तथा ब्लक कार्यक्रम मार्फत उच्च मुल्यका वाली वस्तुको उत्पादन वृद्धि गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु ।

५. आधुनिक व्यवसायिक कृषि खेतीको लागि आवश्यक यान्त्रिकिकरण तथा पूर्वाधारका कार्यक्रम सञ्चालन गरिनेछ ।यसका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

६. तिलागुफा नगरपालिकालाई स्याउ ,ओखर,सिमि,आलु, कालो मार्सि,रातो मार्सि धान उत्पादन जोनको रुपमा बिकास गरी ब्राण्डिङ्ग गरिनेछ ।

७. एक वस्तु सामुहिक कृषि उत्पादन, एक वडा एक विशेष उत्पादन नीति मार्फत आत्मनिर्भर अर्थतन्त्रको विकास गरिनेछ ।

८. कृषि उपज भण्डारको लागि सित भण्डार निर्माणको लागि आवश्यक पहल गरिनेछ ।

९. कृषक अनुदानलाई थप प्रभावकारी र पारदर्शि बनाउन उत्पादनका आधारमा प्रोत्साहन अनुदान वितरण गर्ने कार्यलाई निरन्तरता दिनुका साथै सो विषयलाई नियमन गर्न कानून निर्णमा गरिनेछ ।

१०.कृषि पर्यावरण र प्रकृति पर्यटनको प्रवर्द्धन गर्नको लागि "हराभरा तिलागुफाको प्रकृतिलाई ,स्वच्छ,स्वस्थ ,सवल र सक्षम जोनका रुपमा विकास गरी प्रत्येक वडा कार्यालय,सामुदायिक वन,सार्वजनिक स्थान र बस्तीमा वृक्षारोपण गरिनेछ ।

११.भौगोलिक अवस्था र पानीको स्रोतको आधारमा उपयुक्त सिंचाईलाई वर्षभरी प्रयोग गरिनेछ,जस अन्तर्गत साना तथा ठुला सिंचाई,सिंचाई पोखरी निर्माण गरिनेछ ।

१२.कृषिजन्य वस्तुहरुको बजारीकरणका लागि प्रमुख बजारहरुमा कृषि हाटबजार स्थापना गरिनेछ ।

१३.गरिबी निवारणको लागि कृषिजन्य साना लघु उद्यम कार्यक्रम सञ्चालन ल्याईनेछ ।

१४.विभिन्न ठाउँमा धुम्ती माटो परिक्षण शिविर सञ्चालन गरिनेछ ।

१५.पालिकामा उत्पादन हुने रैथाने बालीको संरक्षण तथा प्रवर्द्धन कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

१६. तिलागुफा नगरपालिकालाई चाहिने दुध र मासु आत्मनिर्भर बनाउनको लागि भैसि तथा भेडा बाख्रा पालन कार्यक्रमलाई प्रवर्द्धन गरिनेछ । यसका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

१७.नगरपालिकाको सहलगानी भित्र रहेका प्रमुख बजार क्षेत्र नाग्मगाड, गाल्जे ,बालीघाट र ठिन्के बजारमा मासु बधशाला निर्माण गरी सहकारी मोडेलमा सञ्चानल गरिनेछ ।

१८. रुडुबञ्जु फुलबारी पाटन सम्म पर्यटकिय पदमार्ग निर्माण गरी नगरपालिकाको सिंगो आर्थिक समृद्धि सँग जोडिनेछ ।

१९.तिलागुफा नगरपालिका वडा नं.१ नाग्मगाड देखी बालीघाट सम्म र्याफ्टिङ प्रविधि मार्फत पर्यटन प्रवर्द्धन गर्न सम्भाव्यता अध्ययन गरिनेछ ।



शंकर प्रसाद उपाध्याय
(नगर प्रमुख)

२०.वडा नं. ७ को वालीघाटमा वोटिङ्ग सेवा सञ्चालको लागि सम्भाव्यता अध्ययन गरी आवश्यक पूर्वाधार निर्माणको कार्यलाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याईनेछ ।

२१.मालिका कौंध भटारी पर्यटकिय विमानस्थल निर्माणको लागि संघ र प्रदेश सरकार सँग अनुरोध गरिनेछ ।

२२.नगर भित्रका व्यवसायिक कृषकहरुको क्षमता विकासका लागि तालिम तथा भ्रमण जस्ता कार्यक्रम सञ्चालन गरिनेछ ।

२३.नगरभित्र सञ्चालन भएका उद्योगहरुलाई प्रवर्द्धन तथा प्रोत्साहन गरिनेछ ।

२४.गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम मार्फत नयाँ लघु उद्यमीहरु उत्पादनलाई निरन्तरता दिईनेछ

२५. रैथाने वाली उत्पादन गर्न किसानहरुलाई उत्पादनका आधारमा अनुदान दिइने व्यवस्थाका लागि मापदण्ड तयरा गरिनेछ ।

२६.तिलागुफा नगरपालिकास्थित सबै प्रकारका सहकारी संस्थाहरुको क्षमता वृद्धि र सहकारी शिक्षामा जोड दिईनेछ ।

२७.निजि क्षेत्र समग्र अर्थतन्त्रको बलियो आधार बनाउन नगर सरकार र निजि क्षेत्रको साझेदारीबाट उत्पादन तथा उत्पादकत्व अभिवृद्धि गरी रोजगारीका अवसर सृजना जस्ता कार्यक्रममा संयुक्त लगानी गरिनेछ । त्यसको लागि प्राइभेट पाटनरसिप मोडेललाई अबलम्बन गरिनेछ ।

२८. रोजगार मूलक कार्यक्रम सञ्चालन गरी विदेश पलायन हुने यूवाहरुको संख्यालाई न्यूनीकरण गर्दै रोजगारी सिर्जना गरिनेछ ।

२९.तिलागुफा नगरपालिका वडा नं २ र १० लाई भेडाबाखा पकेट, १,३,४ र ९ लाई स्याउ पकेट र वडा नं १,५,६,७,८,९ र ११ लाई धान गहुँ पकेट क्षेत्र निर्धारण गरी सहुलियत तथा अनुदानका कार्यक्रम सञ्चालन गरिने छ ।

३०.वडा नं १ बजेडीचौर मालिका कौंध र रुडु बज्रु फूलबारी पाटनमा पर्यटन प्रवर्द्धन गर्न होमस्टे निर्माणको लागि पहल गरिने छ ।

३१.तिलागुफा नगरपालिका क्षेत्रभित्र उपलब्ध कृषि योग्य बाँझो जग्गाको सर्वेक्षण गरी सोको उपयोग गर्न समूह,समूह, सहकारी, उद्यमी, फर्म र व्यवसायीसँग कबुलियतीनामा र लागत साझेदारी प्रणाली मार्फत कृषिजन्य बस्तुहरुको उत्पादन तथा बजारीकरण गर्न आवश्यक बजेट तथा कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

३२.बालीनालीमा लाग्ने रोगकिराहरुको व्यवस्थापनका लागि जैविक तथा बनास्पतिक विषादीहरुको प्रयोगलाई बढाईनेछ भने रासायिनक विषादीको प्रयोगलाई न्यूनीकरण गरिनेछ ।

३३.स्थानीय लघुउद्यमहरुलाई प्रवर्द्धन गर्दै स्थानीय स्तरमा उत्पादन हुने कृषि तथा गैर सरकारी वस्तुहरुको बजारीकरण गरिनेछ ।

३४.दिगो रोजगारी सिर्जना तथा उद्यमशिलता प्रवर्द्धनलाई उच्च प्राथमिकतामा राखेर आ.व.२०८२/०८३ लाई "तिलागुफा मिसन रोजगारी" अभियानको रुपमा दिगो रोजगारी तथा उद्यमशिलता प्रवर्द्धन अभियानको रुपमा सञ्चालन गरिनेछ ।

३५.नगरपालिकभित्र श्रम बजार, उपलब्ध साधन स्रोत र रोजगारको प्रकृति अध्ययन गरी पालिकास्तरिय रोजगार रणनीति तयार गर्न आवश्यक बजेटको प्रबन्ध मिलाईनेछ ।

३६.स्थानीय तथा राष्ट्रिय आवश्यकता र श्रम बजारको माग अनुसार रोजगामूलक सिप विकास तालिम तथा प्रविधि हस्तान्तरण कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेटको प्रबन्ध मिलाईने छ ।

३७.तिलागुफा नगरपालिकाको तल्लो क्षेत्रमा बेमौसमी व्यसायिक तरकारी खेती सञ्चालका लागि आवश्यक बजेट व्यवस्था गरिएको छ ।

३८.रुडु बज्रु, पुगमालिका र अन्य पर्यटन क्षेत्र प्रवर्द्धन गर्न सम्भाव्यता अध्ययन गरिनेछ ।

उल्लेखित आर्थिक विकासका कार्यक्रमहरु कार्यान्वयनका लागि आवश्यक बजेटको व्यवस्था गरेकोछु ।

## सामाजिक विकास

१. **राम्रो स्वास्थ्य, हाम्रो सम्पती** (Our Good Health is Better Wealth) भन्ने अवधारणालाई आत्मसात गरी क्रमशः सबै वडाहरुमा विशेषज्ञ सेवालाई क्रमागत शिविरको रुपमा विकास गरिनेछ ।

२. गुणस्तरीय स्वास्थ्य सेवा हाम्रो प्रतिवद्धता भन्ने मान्यतालाई आधार मानी सबै वडामा रहेका स्वास्थ्य संस्थाहरुको भौतिक पूर्वाधारमा सुधार गरी समयानुकुल स्तरोन्नती गर्दै उपलब्ध स्रोत साधनलाई पूर्णता दिदै निःशुल्क औषाधि उपचारको नियमित आपूर्तिको सुनिश्चतता गरिने छ ।

३. सम्पूर्ण वडाहरुमा बसोबास गर्ने जेष्ठ नागरिक तथा शारिरिक अपाङ्गता भएका व्यक्तिहरुलाई टोल बस्तीमा पुगेर निःशुल्क स्वास्थ्य परीक्षण गरिनेछ ।

४. किशोर, किशोरी र बालबालिकाहरुमा हुने कुपोषणको अवस्थामा सुधार ल्याउन बहु क्षेत्रीय पोषण योजनालाई प्रभावकारी रुपमा लागु गरिनेछ ।

५. स्वास्थ्य सूचना प्रणालीलाई गुणस्तरीय बनाई नगरपालिकाको स्वास्थ्य सम्बन्धि नीति,योजना र रणनीति विकास गर्न प्रभावकारी उपयोग गरिनेछ ।

६. तिलागुफा नगरपालिका भित्र रहेका सिमान्तकृत समुदायका बालबालिका अपाङ्गता भएका बालबालिका र पिछडिएका बालबालिकालाई थप शैक्षिक सामाग्री तथा छात्रवृत्ति प्रदान गरिनेछ ।

७. नगरपालिका क्षेत्रभित्र कार्यरत शिक्षक तथा कर्मचारीहरुलाई निजहरु कार्यरत विद्यालयको नतिजाको आधरमा उत्कृष्ट कार्यसम्पादन गर्ने शिक्षक तथा कर्मचारीलाई सम्मान तथा पुरस्कृत गरिने कार्यक्रमलाई कार्यान्यनमा ल्याईनेछ ।

८. पालिका स्तरमा अन्तर विद्यालय स्तरिय प्रतियोगिता मार्फत विभिन्न विधामा विद्यार्थीलाई सहभागी गराईनेछ ।

९. जेष्ठ नागरिक हाम्रो इतिहास भन्ने नारालाई सार्थकता दिन ८४ वर्ष पूरा भएका जेष्ठ नागरिकलाई जेष्ठ नागरिक दिवसको अवसरमा सम्मान कार्यक्रम सञ्चालन गरिनेछ ।

१०.महिला , बालबालिका, जेष्ठ नागरिक , अपाङ्ग, पिछडिएको वर्ग, दलित , एकल महिला , दन्द्धपिडित नागरिकको सम्मान, प्रवर्द्धन र सशक्तिकरणमा विशेष ध्यान दिईनेछ ।

११.

१२. सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नका लागि वायोमेट्रिक प्रणाली लागु गरिनेछ ।

१३.एक घर एक खानेपानी धारा निर्माण कार्यलाई निरन्तरता दिदै नगर भित्र सञ्चालित खानेपानी तथा सरसफाई आयोजनाहरुको मर्मत संम्भार तथा दिगो व्यवस्थापन गरिनेछ ।

१४.पालिकाको जल उपयोग गुरु योजना र खानेपानी सरसफाई तथा स्वच्छता गुरु योजना अनुसार खानेपानी नपुगेका वस्तीहरुमा नयाँ खानेपानी निर्माण गर्ने र मर्मत गर्नुपर्ने योजनाहरु संघीय सरकार प्रदेश सरकार र विकास साझेदार संघ संस्थाहरुको सहकार्य गरी एक घर एक धारा निर्माण कार्यमा निरन्तरता दिइनेछ ।

१५.पालिकाको खानेपानी तथा सरसफाइ क्षेत्रको संस्थागत स्वःमूल्यांकन गरी नतिजाका आधारमा आवश्यक सुधार गरिनेछ ।

१६.दिगो विकास लक्ष्यलाई स्थानीयकरण गरी दिगो विकास लक्ष्य नं ६ बमोजिम सन २०३० सम्म सबैका लागि शिक्षा दिगो र सुरक्षित खानेपानी सुनिश्चित गर्न आवश्यक नीति तथा कानूनहरुको तर्जुमा गरिनेछ ।

१७. पालिकाले जलउपयोग गुरुयोजना अनुसार प्राथमिकीकरण भएका विधमान सबै खाले खानेपानी, सिँचाई लगायतका बहुउपयोगी जलस्रोतसँग सम्बन्धित योजनाहरुको सञ्चालन तथा व्यवस्थापकीय अवस्था अद्यावधिक गरी सबै समितिहरुलाई खानेपानी सरसफाई तथा स्वच्छता ऐन बमोजिम दर्ता एवम् अद्यावधिक र नवीकरण गर्ने व्यवस्था मिलाई पालिकास्तरमा NWASH Application मार्फत खानेपानी सरसफाई तथा स्वच्छता क्षेत्रको सूचना व्यवस्थापन प्रणाली स्थापना गरिनेछ ।

१८.खेलकूद जगत समग्र विकासका लागि क्रिकेट,फुटवल,भलिवल लगायत अन्य विधाका लागि बजेट विनियोजन गरि कार्यान्वयन गरिनेछ ।

१९.श्री महादेव माध्यिमक विद्यालय तिलागुफा नगरपालिका वडा नं ३ मा टुहुरा र विपन्न बालबालिकाको अध्ययनका लागि हिमाली आवासीय छात्रावासका लागि आवश्यक बजेटको व्यवस्था मिलाईएको छ ।

२०.तिलागुफा नगरपालिका वडा नं ३ मा धिर बहादुर हमाल बहुमुखी क्याम्पस सञ्चालनका लागि आवश्यक प्रकृया अगाडि बढाईनेछ ।

शंकर प्रसाद उपाध्याय
(नगर प्रमुख)

२१. आधारभूत स्वास्थ्य सेवा केन्द्रहरुलाई स्तर वृद्धि बर्थिङ्ग सेन्टर सञ्चालन गर्ने आवश्यक प्रकृया अगाडि बढाईनेछ । सोको लागि आवश्यक बजेट व्यवस्था गरेको छु ।

२२. नगर अस्पताल राँचुली र माध्यमिक विद्यालयका भौतिक पूर्वाधार निर्माणका लागि आवश्यक बजेटको व्यवस्था गरि कार्यान्वयनमा ल्याइनेछ ।

२३. नगर अस्पताल राँचुलीमा स्वास्थ्य विमा कार्यक्रम लागु गरिनेछ जसलाई आवश्यक बजेटको व्यवस्था गरेको छु ।

२४. यस तिलागुफा नगरपालिका भित्रका जुनसुकै घर परिवारमा मृत्यु हुन गएमा काजकिरिया खर्च वापत रु १० हजार काज किरिया खर्च प्रदान गर्नका लागि आवश्यक बजेटको व्यवस्था मिलाईएको छ ।

सभाध्यक्ष ज्यू,

## पूर्वाधार विकास :

१. आ.व २०८१।०८२ मा सञ्चालित क्रमागत आयोजनाहरुलाई भौतिक प्रगतिको आधारमा निरन्तरता दिइने छ ।

२. तिलागुफा नगरपालिकामा संघ र प्रदेशबाट बजेट विनियोजन भई सञ्चालन हुने पूर्वाधारको लागि समपूरक कोषको उचित व्यवस्था गर्न जोड दिइनेछ ।

३. नगर स्तरीय सडक गुरु योजनालाई पूर्णता दिई यथाशिघ्र कार्यान्वयन गरिनेछ।

४. नगरपालिका क्षेत्र भित्र संघ तथा प्रदेश सरकार र यस नगरपालिकाको साझेदारीमा निर्माण कार्य सञ्चालन हुने र निरन्तर भईरहेका नाग्म गाड चिम्मलचौर ग्रामीण सडक वडा नं १,पानीखाल पिपलगौडा ग्रामीण सडक वडा नं ३,दियारे रोकायवाडा हुँदै पुगमालिका ग्रामीण सडक वडा नं ५, गाल्जे बालीचौर हुँदै सुगुरखाल ग्रामीण सडक, वडा नं ६, गाल्जे ठिन्के हुँदै रुडुकाँध ग्रामीण सडक,बालीचौर छाप्रे ग्रामीण सडक, पाखेढुङ्गा ओखरभिट्टा चुली हुँदै पुगमालिका ग्रामीण सडक, भैसेगौडा ठिन्के ग्रामीण सडक र मोहोरा खोला कोट हुँदै देउतीमाडु वडा नं ९ ग्रामीण सडकको लागि आवश्यक बजेट विनियोजन गरि तत्काल आगामी आ.व ०८२।०८३ को प्रथम त्रैमासिकबाट कार्यान्वयन गरिनेछ ।

५. नगरपालिकाका ११ वटै वडाहरु मध्ये राष्ट्रिय विद्युत प्रशारण लाईनसँग जोडिन बाँकी रहेका वडा तथा टोल बस्तीहरुमा विद्युतीकरण गर्न कार्यलाई निरन्तरता र र संम्भव नदेखिएको नगरपालिकाका बस्तीहरुमा सौर्य प्रणाली मार्फत विद्युतीकरण गरिने छ ।

६. प्रधानमन्त्री तथा मुख्य मन्त्री रोजगार कार्यक्रम अन्तर्गत सञ्चालित आयोजनाहरुको गुणस्तरियता वृद्धि गर्नुका साथै नागरिकको सो आयोजना प्रति अपनत्वको भावना श्रृजना हुने निति अवलम्बन गरिने छ ।

७. नगरपालिकाबाट सञ्चालन हुने विकास आयोजनाको लागि व्यवस्थित प्रणाली उपयोग गरी प्रभावकरी सेवा प्रदान तथा चुस्त अभिलेख व्यवस्थापन जोड दिइने छ ।

८. भौतिक पूर्वाधार आयोजनाहरुको फिल्ड स्तरमा सार्वजनिक सुनुवाई,लेखापरीक्षण, कार्यक्रमको प्रभावकारी रुपमा कार्यान्वयन गरिने ।



शंकर प्रसाद उपाध्याय
(नगर प्रमुख)

९. स्थानीय पूर्वाधार सहयोग कार्यक्रम LISP कार्यक्रमलाई हाल भईरहेको कार्य क्षेत्रको अलावा ११ वटै वडाहरुमा क्षेत्र विस्तार गर्न पहल गरिनेछ ।

१०. तिलागुफा नगरपालिका अन्तर्गत विभिन्न वडाबाट कर्णाली राजमार्गसँग सडक र कर्णाली राजमार्ग विच तिला नदीको माथि वडा नं २ मुजउ, वडा नं ६ गाल्जे , वडा नं ९ भैसीगौडा जोड्ने मोटरएवल पुल निर्माणका लागि संघ, प्रदेश सरकारलाई अनुरोध गर्ने र तत्कालका लागि बेलिब्रिज निर्माणका लागि आवश्यक पहल कदमी गरिने छ ।

११. नगरपालिका भित्र निर्माण हुने पूर्वाधार आयोजनाहरुको निर्माण गर्दा हरित पूनरलाभ तथा समावेशी विकास पद्धतिको पूर्ण अवलम्बन गरी आयोजनाहरु जलवायु उत्थानशिल,श्रम केन्द्रित,नतिजामूखी दिगो रुपमा बिकास गर्ने नीतिलाई अवलम्ब गरिनेछ ।

१२. नगरपालिका भित्र निर्माण हुने पूर्वाधार विकास आयोजनाहरुको लगतलाई सम्पत्ति व्यवस्थापन प्रणालीमा प्रविष्ठिकरण गर्न आवश्यक बजेटको प्रबन्ध मिलाईनेछ ।

१३. तिलागुफा नगरपालिकामा खरको छाना मुक्त कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१४. रुडु बजु फूलबारी क्षेत्रमा १ मेघाबाट जलविद्युत आयोजना निर्माण गर्ने आवश्यक पहल गरिनेछ ।

१५. ढाँडखोला वधुगाड रताडा लघू जलविधुत मर्मत सम्भार गर्न आवश्यक बजेट व्यवस्थापनका लागि पहल गरिनेछ ।

## सार्वजनिक सेवा र सुशासन

१. नगरपालिकाको दिगो विकासलाई संस्थागत गर्न नगर स्तरीय आयोजनाहरुको क्षेत्रगत परियोजना बैंक निर्माण गरी लागु गर्न आवश्यक बजेटको व्यवस्था मिलाइनेछ ।

२. तिलागुफा नगरपालिकाको Locala Government Self Assessment LISA ) तथा FIDUCIARY RISK ASSESSMENT मा लेखिएका कमजोर र सबल पक्षको पहिंचान गर्दै कार्ययोजना निर्माण गरी संस्थागत सुधारलाई निरन्तरता दिइनेछ ।

३. नगरबासीको सूचनाको हक सुनिश्चित गर्दै तिलागुफा नगरपालिका मुख्य स्थानहरुमा स्थान जानकारी पाटी Location Information Board तथा GIS Map को व्यवस्था गरिनेछ ।

४. तिलागुफा नगरपालिकाको सार्वजनिक सेवा प्रवाहलाई सूचना तथा सञ्चार प्रविधिमैत्री बनाईनेछ ।यसका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

५. नगरपालिकाका पदाधिकारी तथा कर्मचारीहरुको पेशागत क्षमता अभिवृद्धि गर्न अन्तरजिल्ला अध्ययन अवलोकन भ्रमण र सिकाई आदान प्रदान जस्ता कार्यक्रमहरु आयोजना गरी लागु गरिने छ ।

६. तिलागुफा नगरपालिकामा कार्यरत करार कर्मचारीहरुलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गर्न आवश्यक प्रकृया अगाडि बढाइनेछ

७. विवाद समधानमा न्यायिक समिति भन्ने मूल मर्मलाई आत्मसाथ गर्दे नगरपालिका तहको विवादलाई नगर पालिका स्तरमा छलफल वार्ताका माध्मबाट आपसी समझदारीं र मेलमिलाप विधिवाट न्यायिक मान्य सिद्धान्तको अधिनमा रही नगरपालिकाको न्यायिक प्रणालीलाई स्वतन्त,निश्पक्ष,पहुँचयोग्य र विश्वशनीय बनाईनेछ ।

८. कार्यालयका सम्पूर्ण सूचनाहरुलाई व्यवस्थित गर्नका लागि सूचना केन्द्रलाई थप व्यवस्थित गरिने छ ।

९. न्यायियक समितिको काममा चुस्त,दुरुस्त,गुणस्तर तथा गोपनियता ल्याउनको लागि व्यवस्थित इजलासको निर्माण तथा न्यायिक मामिला व्यवस्थापन प्रणालीको शुरुवात गरिने छ ।

१०. सार्वजनिक सुनुवाई,सामाजिक परिक्षण,नागरिक सन्तुष्टि सर्वेक्षण जस्ता सुशासनका प्रवद्धनका औजारहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

११. नगरपालिकाको दैनिक गतिविधको बारेमा वेवसाइट,सामाजिक सञ्चालबाट जानकारी गराईनेछ ।



शंकर प्रसाद उपाध्याय
(नगर प्रमुख)

१२. तिलागुफा नगरपालिका भित्र सञ्चालित उद्योग तथा व्यवसायहरुलाई तिलागुफा नगरपालिकाको आर्थिक ऐन २०८२ बमोजिम करको दायरामा ल्याउन फर्म तथा व्यवसाय सूचिकृत गर्न कार्यलाई थप प्रभावकारी बनाईने छ ।

१३. आन्तरिक राजस्वको क्षमता अभिवृद्धि गर्न कर योग्य दायर क्षेत्र विस्तार गरी पालिका स्तरीय राजस्व सुधार योजना २०७८ लाई परिमार्जन तथा अध्यावधिक गरिने छ ।

१४. नगरपालिकाले प्रवाह गर्ने सेवा सुविधा प्रति आम नागरिकको सेवा प्रतिको सन्तुष्टि मापन गर्ने अभ्यासलाई अवलम्बन गरी गुनासो सङ्कलन,सुनुवाई र सम्बोधन गर्ने कार्यलाई व्यवस्थित गरिनेछ ।

सभाध्यक्ष ज्यू

## वन वातावरण तथा विपद् व्यवस्थापन

१. प्राकृतिक प्रकोप तथा विपद् व्यवस्थापनलाई न्यूनीकरण गर्न विपद् व्यवस्थापन कोषमा आवश्यक रकम विनियोजन गरिनेछ ।

२. जलवायु परिवर्तनको असरले लोप हुँदै गएका अतिक्रमणमा परेका र प्राथमिकतामा नपरेका,सामुदायिक कुवा नाउलाहरुलाई, सामुदायिक वन उपभोक्ता समितिहरुको सहकार्यमा निर्माण,पुनःनिर्माण , संरक्षण र पुनस्थापना गरिनेछ ।

३. भू उपयोग नीति तर्जुमा तथा जथाभावी सार्वजनिक जग्गा भोगचलन गर्न कार्यलाई निरुत्साहित गरिनेछ ।

४. अतिक्रमण गरिएका सार्वजनिक जग्गाहरुको पहिचान गरी नगर पालिकाको स्वामित्वमा ल्याउने कार्यमा पहल गरिनेछ ।

५. यस नगरपालिकामा पाइने मौसमी तथा बेमौसमी जडीबुटीहरुको स्रोत संरक्षण गरि सम्बन्धित वडाको पायक पर्ने स्थानमा जडीबुटी प्रशोधन केन्द्र स्थापन गर्न आवश्यक पहल गरिने छ ।

६. नगर भित्रको सामुदायिक तथा राष्ट्रिय वन क्षेत्रमा निर्माण हुने सडकलगायत अन्य विकास ,पूर्वाधार निर्माण कार्यहरु सञ्चालन गर्दा बातावरण मैत्री बनाउने गरी बायोईन्जिनियरिंग कार्यक्रम सञ्चालन गर्न सम्बन्धित सरोकारवाला निकायाहरुसँग समन्वय गरी कार्यक्रम सञ्चालनमा जोड दिइने छ ।

७. बाह्रै महिना विभिन्न बस्तीहरुमा हरियाली बनाउन एक घर एक बिरुवा वृक्षारोपण कार्यक्रमलाई कार्यान्वयन गरिनेछ ।

८. नगरपालिका स्तरीय खानेपानी सरसफाई,ढल निकास तथा फोहोरमैला व्यवस्थापनका लागि पञ्चवर्षिय योजना निर्माण गरी प्रभावकारी रुपमा कार्यान्वयन गरिने छ।

९. सडक नदी किनारामा,सार्वजनिक स्थानमा वृक्षारोपण कार्यकम प्रभावकारी रुपमा कार्यान्वयन गरिने छ ।

१०. सामुदायिक वन उपभोक्ता समितिका पदाधिकारीहरुलाई समूहको सञ्चालन,गठन तथा व्यवस्थापन सम्बन्धि संस्थागत विकास तालिमको लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

११. यस पालिकाको स्थानीय बजार क्षेत्रको सरसफाई तथा ढल निकासको फोहर मैला सङ्कलन तथा व्यवस्थापनका लागि डम्पिङ्ग साइट र सरसफाई साधनको लागि बजेट विनियोजन गरिनेछ ।

१२. तिलागुफा नगरपालिकामा रहेका सामुदायिक वनमा वृक्षारोपण गर्न डिभिजन वन कार्यालय लगायत अन्य साझेदार संस्थासँग पहल गरिनेछ ।

२०८२/३/१०

शंकर प्रसाद उपाध्याय
(नगर प्रमुख)

सभाध्यक्ष ज्यू,

अब म माथिका क्षेत्रगत नीति तथा कार्यक्रम कार्यान्वयनका लागि बजेट विनियोजना र स्रोत व्यवस्थापनको अनुमान प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

## आय तर्फ

| | शिर्षक | बजेट रकम | अक्षेरुपी |
|---|---|---|---|
| क संघीय सरकार अनुदान | | | |
| १ | वित्तिय समानीकरण | १०५८००००० | दश करोड अन्ठाउन्न लाख रुपैया मात्र |
| २ | राजस्व बाँडफाँड | १००६९८४१६ | दश करोड छ लाख उन्टानब्बे हजार चार सय सोह्र रुपैया मात्र |
| ३ | सशर्त चालु | १९४८००००० | उन्नाइस करोड अठचालीस लाख रुपैया मात्र |
| ४ | सशर्त पूँजीगत | ३६६००००० | तीन करोड छैसट्ठी लाख रुपैया मात्र |
| ५ | विशेष पूँजीगत | ६८००००० | अठसठ्ठी लाख रुपैया मात्र |
| ६ | सम्पूरक अनुदान पूँजिगत | २७५००००० | दुई करोड पचहत्तरलाख रुपैया मात्र |
| ७ | सामाजिक सुरक्षा | १०५०००००० | दश करोड पचास लाख रुपैया मात्र |
| कूल जम्मा संघीय सरकार | | ५७७१९८४१६ | सन्ताउन्न करोड एकहत्तर लाख अन्ठान्नब्बे हजार चार सय सोह्र रुपैया मात्र |
| ख प्रदेश सरकार अनुदान | | | |
| १ | वित्तिय समानीकरण | १३५५७००० | एक करोड पैतीस लाख सन्ताउन्न हजार रुपैया मात्र |
| २ | राजस्व बाँडफाँड | १५०९६०९.२२ | पन्ध्र लाख नौ हजरा छ सय नौ रुपैया बाइस पैशा मात्र |
| ३ | सशर्त चालु | १२६४००० | बाह्र लाख चौसट्ठी हजार रुपैया मात्र |
| ४ | सशर्त पूँजीगत | २९५००००० | दुई करोड पन्चानब्बे लाख रुपैया मात्र |
| ५ | सम्पूरक अनुदान पूँजिगत | १४०००००० | एक करोड चालीस लाख रुपैया मात्र |
| ६ | विशेष चालु | ७०००००० | सत्तरी लाख |
| प्रदेश सरकार अनुदान जम्मा | | ६६८३०६०९.२२ | छ करोड अठसठ्ठी लाख तीस हजार छ सय नौ बाइस पैशा मात्र |
| ग आन्तरिक आय | | ३५७३३७७५ | तीन करोड सन्ताउन्न लाख तेतीस हजार सात सय पचहत्तर रुपैया मात्र |
| घ | गैर सरकरी संस्था | | |
| १ | नेपाल राष्ट्रिय समाज कल्याण संघ | १९२६३७०।२० | उन्नाईस लाख छब्बीस हजार तीन सय सत्तरी रुपैया बीस पैशा मात्र |
| २ | कर्णाली उत्थानशील अभियान नेपाल (कून) | १४२२८४०० | एक करोड बयालीस लाख अठाईस हजार चार सय रुपैया मात्र |
| ३ | साझेदारी सहयोग केन्द्र (पेस नेपाल) | ३२१५००० | बत्तीस लाख पन्ध्र हजार मात्र |
| | ग्रामीण विकास तथा पर्याबरण संरक्षण मञ्च | ४२१३५१० | बयालीस लाख तेह्र हजार पाँच सय दश रुपैया मात्र, |
| गैर सरकरी संस्था तर्फ कूल जम्मा | | २१६५६९१० | दुई करोड सोह्र लाख छपन्न हजार नौ सय दश रुपैया मात्र |
| कूल आय | | ७०१४१९७१०.२२ | सत्तरी करोड चौध लाख उन्नाईस हजार सात सय दश रुपैया बाइस पैशा मात्र |

## व्यय तर्फ

आगामी आर्थिक वर्षका लागि कूल खर्च रु ७० करोड १४ लाख १९ हजार २ सय १० रुपैया २२ पैशा विनियोजन गरेको छु । कुल विनियोजनमध्ये चालु तर्फ रु ४७ करोड ८७ लाख ६४ हजार २२ पैशा अर्थात ६८.२६ प्रतिशत ,पूँजीगततर्फ रु २२ करोड २६ लाख ५५ हजार ७ सय दश रुपैया अर्थात ३१.७४ प्रतिशत रहेको छ ।

शंकर प्रसाद उपाध्याय
(नगर प्रमुख)

**क्षेत्र गत बजेट विनियोजन**

| क.सं. | क्षेत्र | कूल जम्मा | अङ्क |
|---|---|---|---|
| १ | आर्थिक विकास | ३१८०००००. | तीन करोड अठार लाख रुपैया मात्र |
| २ | सामाजिक विकास | ३७४८४४९१०.२२ | सैतीस करोड अठचालीस लाख चब्बालीस हजार नौ सय दश रुपैयमा बाइस पैशा मात्र |
| ३ | पूर्वाधार विकास | १७०१९८८००. | सत्र करोड एक लाख अन्ठानब्बे हजार आठ सय रुपैया मात्र |
| ४ | वातावरण तथा विपद् व्यवस्थापन | १२००००००. | एक करोड बीस लाख |
| ५ | सुशासन तथा संस्थागत विकास | ११२५७६०००. | एघार करोड पच्चीस लाख छयत्तर हजार रुपैया मात्र |
| कुल जम्मा | | ७०१४१९७१०.२२ | सत्तरी करोड चौध लाख उन्नाइस हजार सात सय दश रुपैया मात्र |

**सभाध्यक्षज्यू**

**अन्त्यमा**

आजको यस गरिमामय नगर सभामा प्रस्तुत गरिएको नीति तथा विनियोजित बजेटबाट तिलागुफा नगरपालिकाको भौतिक पूर्वाधार, आर्थिक तथा सामाजिक क्षेत्रको समग्र विकासमा सहयोग पुग्ने विश्वास लिएको छु । प्रस्तुत बजेट तथा कार्यक्रम तर्जुमा गर्न सहयोग पुयाउनु हुने नगरपालिकाका आदरणीय नगर प्रमुखज्यू, वडा अध्यक्ष ज्यू , कार्यपालिका सदस्य, नगर सभाका सदस्य कर्मचारी, संचारकर्मी, नागरिक समाज लगायत बजेट तर्जुमा प्रक्रियामा प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा सहयोग पुयाउनु हुने सम्पूर्ण नगरवासीहरुलाई धन्यवाद दिन चाहन्छु ।

महेन्द्र बहादुर शाही

नगर उपप्रमुख

तिलागुफा नगरपालिका कालीकोट

शंकर प्रसाद उपाध्याय

(नगर प्रमुख)